# राष्ट्रिय युवा प्रतिभा सम्मान कार्यविधि, २०७२

**(स्वीकृत मितिः २०७२।१२।२८)**

**प्रस्तावना :** राष्ट्रिय युवा नीति, २०७२ ले मुलुकका विभिन्न क्षेत्रमा विशेष योगदान गरेका राष्ट्रका प्रतिभावान युवा र युवाको हक हितको संरक्षण र सम्वर्द्धन तथा विकासको क्षेत्रमा सक्रिय युवा संस्था वा समूहहरुलाई अभिप्रेरित गर्न, उनीहरुमा रहेको प्रतिभा एवम् सिर्जनशीलताको कदर गर्दै युवाहरूमा सकारात्मक सोच एवम् रचनात्मक क्षमताको विकास गर्न नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयबाट प्रदान गर्दै आएको युवा प्रतिभा सम्मानलाई समय सापेक्ष प्रभावकारी, व्यवस्थित र पारदर्शी ढङ्गबाट सञ्चालन गर्न वाञ्छनीय भएकोले नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

**१. सक्षिप्त नाम र प्रारम्भ** (१) यो कार्यविधिको नाम **राष्ट्रिय युवा प्रतिभा सम्मान कार्यविधि, २०७२** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **"राष्ट्रिय युवा प्रतिभा सम्मान"** भन्नाले युवा तथा खेलकुद मन्त्रालयबाट दफा ३ मा उल्लिखित क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका युवा, युवा समूह र युवा संघ संस्थाहरुलाई प्रदान गरिने सम्मानलाई सम्झनु पर्छ ।

(ख) **"मन्त्रालय"** भन्नाले युवा तथा खेलकुद मन्त्रालयलाई सम्झनु पर्छ ।

(ग) **"प्राथमिकताको समूह"** भन्नाले महिला, आदिवासी जनजाति, मधेशी युवालाई सम्झनु पर्छ ।

(घ) **"विशेष प्राथमिकताको समूह"** भन्नाले द्वन्द्वपीडित, जोखिममा परेका युवा, अपाङ्गता भएका युवा र सिमान्तकृत, लोपोन्मुख, अल्पसङ्ख्यक

दलित, मुस्लिम समुदायका र कर्णाली तथा पिछडिएको क्षेत्रका युवालाई सम्झनु पर्छ ।

(ङ) **"युवा समूह"** भन्नाले परिच्छेद -२ को दफा ३ मा उल्लिखित क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याएका दुई वा सोभन्दा बढी युवाको समूहलाई सम्झनु पर्छ ।

(च) **"संघसंस्था"** भन्नाले प्रचलित नेपाल कानुन बमोजिम स्थापना भई युवा विकासको क्षेत्रमा कार्यरत संघसंस्थालाई सम्झनु पर्छ ।

## परिच्छेद -२

## राष्ट्रिय युवा प्रतिभा सम्मानको क्षेत्र र छनौटका आधार

३. **राष्ट्रिय युवा प्रतिभा सम्मानको क्षेत्र :** मन्त्रालयले प्रत्येक वर्ष देहायका क्षेत्रहरुमा उत्कृष्ट कार्य गर्ने युवा, युवा समुह वा युवा संघ संस्थालाई राष्ट्रिय युवा प्रतिभा सम्मान प्रदान गर्नेछ :-

(क) कृषि/जडिबुटी/लघु वन पैदावार,

(ख) शिक्षा/रोजगारी (उद्योग/उद्यमशीलता/व्यवसाय),

(ग) विज्ञान तथा सूचना प्रविधि र सञ्चार, (समाज वा राष्ट्रलाई ठोस योगदान पुग्ने कुनै यन्त्र, उपकरणको निर्माण, सुधार, परिमार्जन , प्रयोग, प्रविधिको अन्वेषण र आविष्कार आदि कार्य),

(घ) पर्यटन प्रवर्द्धन,

(ङ) वातावरण संरक्षण र दिगो विकास,

(च) स्वास्थ्य तथा सामाजिक सुरक्षा,

(छ) समाज सेवा/स्वयम सेवा,

(ज) दिगो शान्ति स्थापना र द्वन्द समाधान तथा विकासमा सहभागिता,

(झ) कला, संस्कृति, साहित्य सिर्जना, गीत र सङ्गीत (रचना, गायन, वाद्य वादन आदि) खेलकुद र मनोरञ्जन,

(ञ) साहसिक कार्य,

(ट) अन्तर्राष्ट्रिय जगतमा नेपाललाई चिनाउन गरेको उल्लेख्य योगदान वा कीर्तिमानी कार्य ,

(ठ) अध्ययन, अनुसन्धान एवम् नवीनतम तथा सिर्जनशील कार्य



(ड) युवा सशक्तिकरण तथा नेतृत्व विकास, युवा सहभागिता र परिचालनको क्षेत्रमा उल्लेख्य योगदान,

(ढ) मानव तस्करी तथा बेचबिखन नियन्त्रण,

(ण) लागू पदार्थ तथा दुर्व्यसन नियन्त्रण,

(त) अपराध तथा हिंसा नियन्त्रण,

(थ) समावेशी सहभागिता र अवसरको सिर्जना ।

४. **छनौटका आधारहरू :** दफा ३ मा उल्लेखित क्षेत्रहरु मध्ये कुनै क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याउने युवा, युवा समुह वा संस्थालाई राष्ट्रिय युवा प्रतिभा सम्मानका लागि छनौट गर्न देहायका आधारहरु हुनेछन् :-

**(१) युवा र युवा समूहका लागि न्यूनतम आधारहरुः-**

(क) सोह्र वर्ष पूरा भई चालीस वर्ष ननाघेको नेपाली नागरिक हुनुपर्ने,

(ख) कुनै फौजदारी अभियोगमा दोषी नठहरिएको

(ग) तोकिएको ढाँचामा निवेदन संलग्न गरेको

**(२) संस्थाका लागि न्यूनतम आधारहरुः-**

(क) प्रचलित कानून बमोजिम दर्ता भई अद्यावधिक नविकरण भएको

(ख) युवाको हक हितको संरक्षण र सम्वर्द्धन तथा विकासको क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याएको युवा संघसंस्था हुनुपर्ने ,

(ग) कम्तिमा दुई वर्ष देखि सम्वन्धित क्षेत्रमा क्रियाशिल रहेको

(घ) १६ देखि ४० वर्षको युवाद्धारा नेतृत्व गरिएको

(ङ) कालो सूचिमा नपरेको

(च) तोकिएको ढाँचामा निवेदन संलग्न गरेको

**(३) युवा र युवा समूह तथा संस्थाका लागि थप आधारहरुः-**

(क) निवेदन दिएको क्षेत्रसंग सम्वन्धित सरकारी निकाय, आयोग, समिति , प्रतिष्ठान वा गैर सरकारी संघ संस्थाबाट सिफारीश गरिएको

**(४) उपदफा (१), (२) र (३) का आधारमा पूर्व छनौट भएका युवा, युवा समुह वा संस्थालाई देहायका आधारमा मूल्याङ्कन गरिनेछ :-**

| क्र.सं. | मूल्याङ्कनका अधारहरु | अंक |
|---|---|---|
| १. | अनुकरणात्मकता/प्रेरणाप्रद | २० |
| २. | श्रृजनशिलता, मौलिकता, नविनता | २० |
| ३. | योगदानले पारेको सामाजिक प्रभाव | १५ |
| ४ | योगदानले पारेको आर्थिक प्रभाव | १० |
| ५ | योगदानले भौगोलिक क्षेत्रमा पारेको प्रभाव | ५ |
| ६. | योगदानका लागि लागेको लगानी (आर्थिक, भौतिक, समय, आदि) | १० |
| ७. | प्राथमिकता वा विशेष प्राथमिकताको समुहमा पारेको प्रभाव | १० |
| ८. | योगदानको सम्वन्धमा सञ्चारका विभिन्न माध्यमबाट भएको प्रचार प्रसार | १० |
| **जम्मा** | | **१००** |

## परिच्छेद -३

## छनौटको प्रक्रिया

**५. छनौटका प्रक्रिया:-** (१) मन्त्रालयले राष्ट्रिय युवा प्रतिभा सम्मान प्रदान गर्नको लागि विभिन्न माध्यमबाट विवरण सङ्कलन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम विवरण सङ्कलन गर्ने प्रयोजनको लागि मन्त्रालयले सम्बन्धित व्यक्ति, समूह वा संघसंस्थाहरुको जानकारीको निमित्त अनूसुची- १ बमोजिमको कार्यतालिका अनुसार सार्वजनिक सूचना प्रकाशन गर्नेछ र उक्त सूचना मन्त्रालयको वेभ साईटमा www.moys.gov.np मा समेत राखिनेछ ।

(३) उपदफा (२) बमोजिम सूचना प्रकाशित भएपछि कुनै व्यक्ति, युवा समूह, युवा संघसंस्थाले राष्ट्रिय युवा प्रतिभा सम्मानको लागि निवेदन गर्न चाहेमा सोही सूचनामा उल्लेखित म्याद भित्र अनूसुची-२ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष निवेदन दिन सक्नेछ ।



(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि मन्त्रालयले राष्ट्रिय युवा प्रतिभा सम्मानको क्षेत्रसँग सम्बद्ध मन्त्रालय, आयोग, समिति, प्रतिष्ठान, युवा संघसंस्था लगायतका सरकारी निकाय एवं गैरसरकारी संघसंस्थाबाट सो सम्मान प्राप्त गर्न योग्य व्यक्ति, संघसंस्थाको सिफारिससहितको विवरण पठाउन अनुरोध गर्न सक्नेछ । सिफारीश सहितको विवरण प्राप्त भएमा उक्त विवरणलाई समेत समावेश गरीनेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि मन्त्रालय आफैँले पनि सार्वजनिक जानकारीमा आएका सूचना, आमसञ्चार माध्यममा प्रकाशित वा प्रसारित समाचार वा जानकारीको आधारमा राष्ट्रिय युवा प्रतिभा सम्मानको लागि विवरण सङ्कलन गर्न सक्नेछ र संकलित विवरणको सम्वन्धित निकाय मार्फत थप जानकारी प्राप्त गर्न सक्नेछ ।

**६. प्राप्त विवरण राष्ट्रिय युवा प्रतिभा सम्मान छनौट समितिमा पठाउने :**

**(१)** दफा ५ बमोजिम प्राप्त निवेदन, विवरण, जानकारी र सिफारिस सङ्कलन गरी मन्त्रालयले दफा ७ बमोजिमको समितिमा पठाउनेछ ।

(२) कुनै व्यक्ति, समुह वा संघसंस्थाको सम्वन्धमा दफा ४ को उपदफा (१), (२) र (३) मा उल्लेखित आधारहरुका सम्वन्धमा थप विवरण प्राप्त गर्न आवश्यक देखिएमा समितिले सो का लागि उपयुक्त तथा सम्वन्धित व्यक्ति वा निकाय मार्फत थप विवरण वा जानकारीका लागि अनुरोध गरी पठाउन सकिनेछ ।

(३) उपदफा (२) अनुसारको थप विवरण वा जानकारी प्राप्त भएमा सो समेतलाई मध्यनजर गरी समितिले राष्ट्रिय युवा प्रतिभा सम्मानको लागि दफा (४) को उपदफा (४) को आधारमा मूलयाङ्कन गरी प्राप्तांक सहितको विवरण तयार गर्नेछ ।

(४) राष्ट्रिय युवा प्रतिभा सम्मान छनौट गर्दा दफा ४ को उपदफा ४ मा उललेखित आधारहरुका अतिरिक्त समितिले उपयुक्त ठानेको अन्य आधारहरु समेत थप गरी मूल्यांकन गर्न सक्नेछ ।

७. **राष्ट्रिय युवा प्रतिभा सम्मान छनोट समितिको गठन :** (१) दफा ६ बमोजिम प्राप्त निवेदन, विवरण , जानकारी र सिफारिस आवश्यकता अनुसार जाँचबुझ गरी राष्ट्रिय युवा प्रतिभा सम्मान प्रदान गर्ने सम्बन्धमा मन्त्रालय समक्ष सिफारिस गर्न देहाय बमोजिमको एक राष्ट्रिय युवा प्रतिभा सम्मान छनौट समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | मन्त्रालयको सचिव | – संयोजक |
| (ख) | मन्त्रालयको युवा तथा प्रशासन महाशाखाका सह-सचिव | – सदस्य |
| (ग) | प्रतिनिधि, राष्ट्रिय युवा परिषद | – सदस्य |
| (घ) | प्रतिनिधि, राष्ट्रिय योजना आयोग | – सदस्य |
| (ङ) | मन्त्रालयले तोकेको विधागत विशेषज्ञ | – सदस्य |
| (च) | मन्त्रालयले तोकेको युवासम्बन्धी गैरसरकारी संघ, संस्था मध्येबाट एक जना | – सदस्य |
| (छ) | सम्वन्धित कार्यक्रम हेर्ने शाखाको प्रमुख | – सदस्य सचिव |

(२) राष्ट्रिय युवा प्रतिभा सम्मान छनौट समितिले प्रतिभा सम्मान प्रदान गर्ने सम्बन्धमा यस कार्यविधिमा उल्लेख भएबाहेक अन्य कार्यविधि आफैँ व्यवस्थित गर्नेछ ।

(३) राष्ट्रिय युवा प्रतिभा सम्मान छनौट समितिको वैठकसम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गर्नेछ ।

(४) राष्ट्रिय युवा प्रतिभा सम्मान छनौट समितिले आफ्नो बैठकमा सम्बन्धित क्षेत्रका विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(५) राष्ट्रिय युवा प्रतिभा सम्मान छनौट समितिले राष्ट्रिय युवा प्रतिभा सम्मानको लागि कुनै युवा, युवा समूह वा युवा संघसंस्थाको नाम सिफारिस गर्दा हरेक वर्ष कम्तिमा ७ जना सम्म युवा वा युवा समुह र कम्तिमा २ वटा युवाका क्षेत्रमा कार्यरत संघसंस्थालाई पुरस्कृत गर्नेगरी जम्मा १० वटा नाम सिफारिश गर्न सक्नेछ। ।

८. **राष्ट्रिय युवा प्रतिभा सम्मान प्रदान गर्नेः** मन्त्रालयले दफा ७ बमोजिमको राष्ट्रिय युवा प्रतिभा सम्मान छनौट समितिले सिफारिस गरेका व्यक्ति, युवा समूह वा युवा संघसंस्थालाई प्रत्येक वर्ष राष्ट्रिय युवा प्रतिभा सम्मान प्रदान गर्नेछ ।



९. **प्रतिभाको सम्मान :** राष्ट्रिय युवा प्रतिभा सम्मानबाट सम्मानित हुने प्रत्येक युवा, युवा समूह वा युवा संघ संस्थाको लागि सम्मान पत्र सहित नगद रु. १,००,००० (एक लाख मात्र) उपलब्ध गराइनेछ ।

## परिच्छेद -४

## विविध

१०. **सहयोग गर्नुपर्ने :** यस कार्यविधि वमोजिम राष्ट्रिय युवा प्रतिभा सम्मान प्रदान गर्ने कार्यमा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

११. **कार्यविधि संशोधन गर्न सक्ने :** मन्त्रालयले आवश्यकतानुसार यो कार्यविधि संशोधन गर्न सक्नेछ ।

१२. **बाधाअड्काउ फुकाउने :-** यस कार्यविधिको कार्यान्वयनमा कुनै वाधा आईपरेमा मन्त्रालयले वाधा अड्काउ फुकाउन सक्नेछ ।

१३. **खारेजी र बचाउ : (१)** राष्ट्रिय युव प्रतिभा सम्मान कार्यविधि, २०६८ खारेज गरीएको छ ।

(२) राष्ट्रिय युवा प्रतिभा सम्मान कार्यविधि, २०६८ बमोजिम भए गरेको काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची-१

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

<u>कार्यतालिका</u>

राष्ट्रिय युवा प्रतिभा सम्मान कार्यक्रम सम्पन्न गर्न तपशिल बमोजिमको कार्यतालिका अपनाउनेछ ।

| महिना / क्रियाकलाप | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र | बैशाख | जेठ | असार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सूचना प्रकाशन र पत्राचार | | | | | | | | | | | | |
| विवरण संङ्कलन | | | | | | | | | | | | |
| प्रतिभाको छनौटसम्बन्धी छनौट समितिको आन्तरिक कार्य | | | | | | | | | | | | |
| छनौट समितिले मन्त्रालयमा प्रतिभाको नाम सिफारिस | | | | | | | | | | | | |
| मन्त्रालयले प्रतिभा छनौटको निर्णय | | | | | | | | | | | | |
| प्रतिभाको नाम घोषणा र सम्मान कार्यक्रम | | | | | | | | | | | | |

नोट :- अघिल्लो आ.व. मा छनौट भएका प्रतिभालाई पछिल्लो आ.व. को श्रावण महिनामा पुरस्कृत गरिनेछ ।



## अनुसूची-२

**(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)**

राष्ट्रिय युवा प्रतिभा सम्मानको लागि निवेदनको ढाँचा

| हालसालै खिचेको पासपोर्ट साइजको फोटो (व्यक्तिको हकमा) |
|---|

श्री युवा तथा खेलकुद मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

**विषयः- राष्ट्रिय युवा प्रतिभा सम्मानबाट सम्मानित गरिपाऊँ ।**

उपर्युक्त सम्वन्धमा मैले/हामीले/हाम्रो संस्थाले देहायको क्षेत्रमा देहाय बमोजिमको उत्कृष्ट कार्य/योगदान गरेको हुनाले त्यस मन्त्रालयबाट वार्षिक रुपमा प्रदान गरिने राष्ट्रिय युवा प्रतिभा सम्मानबाट सम्मानित गरी पाउन तपसिल अनुसारको विवरण तथा निम्नलिखित कागजातहरु संलग्न गरी यो निवेदन पेश गरेको छु/छौं ।

**व्यक्तिगत विवरण**

| | | | |
|---|---|---|---|
| निवेदन पेश गरेको उत्कृष्ट कार्यको क्षेत्र (कुनै एकमा√ चिन्ह लगाउनुहोस्) | | (१) कृषि/जडीबुटी/लघु वन पैदावार | (१०) साहसिक कार्य |
| | | (२) शिक्षा/ रोजगारी (उद्योग/उद्यमशीलता / व्यवसाय) | (११) अन्तर्राष्ट्रिय जगतमा नेपाललाई चिनाउन गरेको उल्लेख्य योगदान वा कीर्तिमानी कार्य |
| | | (३) विज्ञान तथा सूचना प्रविधि र सञ्चार (समाज वा राष्ट्रलाई ठोस योगदान पुग्ने कुनै यन्त्र उपकरणको निर्माण, सुधार, परिमार्जन, प्रयोग, प्रविधिको अन्वेषण र आविष्कार आदि कार्य) | (१२) अध्ययन, अनुसन्धान एवम् नवीनतम तथा सिर्जनशील कार्य |
| | | (४) पर्यटन प्रवर्द्धन | (१३)युवा सशक्तिकरण तथा नेतृत्व विकास, युवा सहभागिता र युवा परिचालनको क्षेत्रमा उल्लेख्य योगदान |
| | | (५) वातावरण संरक्षण र दिगो विकास | |
| | | (६) स्वास्थ्य तथा सामाजिक सुरक्षा | (१४) मानव तस्करी तथा बेचबिखन नियन्त्रण |
| | | (७) समाज सेवा/स्वयम सेवा | (१५) लागू पदार्थ तथा दुर्व्यसन नियन्त्रण |
| | | (८) दिगो शान्ति स्थापना र द्वन्द समाधान तथा विकासमा सहभागिता | (१६) अपराध तथा हिंसा नियन्त्रण |
| | | (९) कला, संस्कृति, साहित्य सिर्जना, गीत र सङ्गीत (रचना, गायन, वाद्य वादन आदि) खेलकुद र मनोरञ्जन | (१७) समावेशी सहभागिता र अवसरको सिर्जना |
| निवेदकको ठेगाना | स्थायी | जिल्ला ..............., गा.वि.स./नगरपालिका ................., वडा नं ............, टोल .............................. | |
| | अस्थायी | जिल्ला ..............., गा.वि.स./नगरपालिका ................., वडा नं ............, टोल .............................. | |
| सम्पर्क | | इमेल : | फोन नं. : |

**संस्थागत विवरण**

| | | | |
|---|---|---|---|
| संस्थाको नाम | | | |
| ठेगाना | | | |
| संस्थाको दर्ता नं. / दर्ता मिति | | दर्ता भएको जिल्ला | |
| नवीकरण अवधि | | फोन | |
| वेभसाइट | | | |
| इमेल | | स्थायी लेखा नं. (PAN) | |
| संस्थाको प्रकार | युवा सहभागितामा सञ्चालित संस्था | | |
| | युवा लक्षित कार्यक्रम सञ्चालन गर्ने संस्था | | |
| | अन्य प्रकारको भए उल्लेख गर्ने : | | |
| अध्यक्षको नाम र ठेगाना | | सम्पर्क नं. | |
| सम्पर्क व्यक्तिको नाम र ठेगाना | | सम्पर्क नं. | |
| संस्थाको संक्षिप्त विवरण | संस्थाको लक्ष्य, उद्देश्य तथा कार्यक्रमहरूको संक्षिप्त विवरण | | |

**उत्कृष्ट योगदान/कार्यको विवरण**

| |
|---|
| आफूले गरेको योगदान वा उत्कृष्ट कार्यको विवरण विस्तृत रुपमा उल्लेख गर्ने |

**उत्कृष्ट योगदान/कार्य सम्बन्धी थप विवरण**

| |
|---|
| १. यस क्षेत्रमा तपाईको/संस्थाको अनुभवहरू के के छन् ? (कार्य अनुभव सम्बन्धी प्रमाणहरु भए संलग्न राख्नुहोस् ) |
| २. यो कार्य नविन हो भन्ने आधार केही भए उल्लेख गर्नुहोस् । |
| ३. यो कार्यको श्रृजनशीलता/मौलिकता सम्बन्धमा खुलाउनु होस् । |
| ४. यो कार्यलाई अनुकरण गरी लागू गर्न सकिन्छ भन्ने आधारहरु के कस्ता रहेका छन् ? |
| ५. यस कार्यले समाजमा के कस्तो सकारात्मक प्रभाव पार्न सक्छ ? आधारहरु सहित उल्लेख गर्नुहोस् । |
| ६. यस कार्यले के कस्तो आर्थिक प्रभाव पार्न सक्छ ? आधारहरु सहित उल्लेख गर्नुहोस् । |
| ७. यस कार्यले त्यस भौगोलिक क्षेत्रमा के कस्तो सकारात्मक प्रभाव पार्‍यो र अन्य भौगोलिक क्षेत्रमा के कस्तो सकारात्मक प्रभाव पार्न सक्छ ? आधारहरु सहित उल्लेख गर्नुहोस् । |
| ८. यस कार्यले प्राथमिकता र विशेष प्राथमिकताका समूहलाई कसरी, के कस्तो योगदान पुर्‍याउन सक्छ ? उल्लेख गर्नुहोस् । |
| ९. यस कार्यको सम्बन्धमा कुनै सञ्चार माध्यमबाट समाचार/सूचना/जानकारी प्रसारण वा प्रकाशन भएको थियो ? थियो भने सो सम्बन्धी उल्लेख गरी प्रमाण संलग्न गर्नुहोस् । |



| |
|---|
| १०.यस कार्यको लागि आर्थिक/प्राविधिक वा अन्य कुनै प्रकारको लगानी लागेको भए सो सम्बन्धमा स्पष्टताका साथ उल्लेख गर्नुहोस् साथै यस कार्यलाई सफलतापूर्वक सम्पन्न गर्न लागेको समय समेत उल्लेख गर्नुहोस् । |
| ११. यो कार्य युवा लक्षित हो भन्ने आधारहरु के छन् ? स्पष्ट गर्नुहोस । |

**१२. यहाँ/यहाँको संस्था नैतिक पतन देखिने फौजदारी अभियोगमा दोषी प्रमाणित नभएको वा कालो सूचीमा नपरेको व्यहोरा स्वघोषण गर्दछु ।**

निवेदक

नाम :-

ठेगाना :-

हस्ताक्षर :-

संस्थाको हकमा संस्थाको छाप :-

**व्यक्तिको हकमा पेश गर्नुपर्ने कागजातहरु:**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
२. हालसालै खिचेको दुई प्रति पासपोर्ट साइजको फोटो
३. उत्कृष्ट कार्य/योगदान गरेको पुष्टि हुने कागजातहरु
४. माथिको विवरणमा संलग्न भनी उल्लेख गरिएका उपयुक्त सामग्रीहरु (प्रमाणपत्र, सिफारिश पत्र, पत्रपत्रिकाका समाचार सम्बन्धी उतार, पुस्तक आदि)

**संस्थाको हकमा पेश गर्नुपर्ने कागजातहरु:**

१. नवीकृत संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि
२. पुरस्कार प्राप्त गर्नका लागि निवेदन दिने सम्बन्धमा संस्थाको निर्णयको प्रतिलिपि
३. उत्कृष्ट कार्य/योगदान गरेको पुष्टि हुने कागजातहरु
४. माथिको विवरणमा संलग्न भनी उल्लेख गरिएका उपयुक्त सामग्रीहरु (प्रमाणपत्र, सिफारिश पत्र, पत्रपत्रिकाका समाचार सम्बन्धी उतार, पुस्तक आदि)